# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२४ बारा, २०८३ असोज २० गते मंगलबार / एकादशी / नेपाल संवत् ११४६ / Tuesday, October 6 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## दुर्घटनामा घाइते योगगुरु खनालको मृत्यु



निजगढ,१९ असोज/ मोटरसाइकल दुर्घटनामा घाइते निजगढ नगरपालिका ६ का पतञ्जली योगगुरु राजमणी खनालको निधन भएको छ।

दुई दिनअघि निजगढ ६ मा दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा गम्भीर घाइते हुनुभएका खनालको काठमाण्डौंको बाँसबारीस्थित न्युरो अस्पतालमा उपचारको क्रममा आज दिउसो मृत्यु भएको हो।

घाइते खनाललाई उपचारका लागि शुरुमा वीरगञ्जस्थित न्युरो अस्पताल लगिएको थियो। वीरगञ्जमै शल्यक्रिया गरिए पनि स्वास्थ्यमा सुधार नआएपछि थप उपचारका लागि उहाँलाई आइतवार राति काठमाडौं लगिएको हो।

खनाल निजगढ ९ स्थित स्वतन्त्र सहकारी संस्थाको कर्मचारीसमेत रहनुभएको थियो। खनालको परिवारमा श्रीमतीसहित एक छोरा र एक छोरी छन।

## मुआब्जा माग गर्दै पीडितद्वारा ड्राइपोर्टको मूल गेटमा धर्ना, मालबाहक सवारी आवागमन ठप्प

वीरगञ्ज, १९ असोज/पर्साको सिर्सियास्थित वीरगञ्ज सुख्खा बन्दरगाह (ड्राइपोर्ट) निर्माणका क्रममा अधिग्रहण गरिएको जग्गा तथा भौतिक संरचनाको मुआब्जा माग्दै स्थानीय पीडितहरूले सोमबारदेखि अनिश्चितकालीन धर्ना सुरु गरेका छन्।

ड्राइपोर्टको मूल गेटमै बसेर पीडितहरूले धर्ना थालेपछि मालबाहक ट्रक, कन्टेनरलगायतका सवारीसाधनको आवागमन रोकिएको छ। धर्नाका कारण ड्राइपोर्टको नियमित गतिविधिसँगै आयात(निर्यातका लागि हुने ढुवानी सेवासमेत प्रभावित भएको छ।

मुआब्जा माग गर्दै गठित अनिश्चितकालीन धर्ना संघर्ष समितिका अध्यक्ष अशोककुमार चौधरीका अनुसार सरकारले विगत १२ वर्षदेखि मुआब्जा उपलब्ध गराउने आश्वासन दिँदै आए पनि अहिलेसम्म समस्या समाधान गरेको छैन।

उहाँका अनुसार मुआब्जाको विषयमा जिल्ला प्रशासन कार्यालयदेखि सरकारका सम्बन्धित निकायसम्म



पटक(पटक छलफल, वार्ता तथा सम्झौता भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। पटक(पटक आश्वासन दिँदा पनि माग सम्बोधन नभएपछि बाध्य भएर निर्णायक आन्दोलनमा उत्रिनुपरेको चौधरीले बताउनुभयो।

"१२ वर्षदेखि सरकारले आश्वासन मात्रै दिँदै आएको छ। पटक(पटक सम्झौता र छलफल भए पनि मुआब्जा पाएका छैनौं," चौधरीले भन्नुभयो, "अब हामी सबै पीडित मिलेर निर्णायक धर्नामा बसेका छौं। आफ्नो मुआब्जा नपाएसम्म यहाँबाट हट्दैनौं।"

पीडितहरूले ड्राइपोर्ट निर्माणका क्रममा अधिग्रहण गरिएको जग्गा तथा त्यसमा रहेका भौतिक संरचनाको उचित मुआब्जा तत्काल उपलब्ध गराउन सरकारसँग माग गरेका छन्। माग सम्बोधन नभएसम्म धर्ना तथा आन्दोलन जारी राख्ने उनीहरूले चेतावनी दिएका छन्।

स्थानीयको धर्नाका कारण ड्राइपोर्टको मुख्य गेटबाट मालबाहक सवारीसाधन बाहिरिन तथा आवतजावत गर्न नसकेपछि आयात( निर्यातसँग सम्बन्धित ढुवानी प्रभावित भएको छ।

वीरगञ्ज नेपालको प्रमुख व्यापारिक नाका तथा आयात(निर्यातको महत्वपूर्ण केन्द्र भएकाले ड्राइपोर्टको आवागमन लामो समय अवरुद्ध भएमा त्यसको असर व्यापारिक गतिविधिमा समेत पर्न सक्ने देखिएको छ।

वर्षौंदेखि मुआब्जाको माग गर्दै आएका पीडितहरू फेरि आन्दोलनमा उत्रिएपछि अब सरकारले वार्ता र आश्वासनमै सीमित हुने कि समस्या समाधानका लागि ठोस निर्णय गर्ने भन्ने प्रश्न उठेको छ।

## देउवा समूहको निजगढ सभापतीमा प्रदीप उप्रेतीको पनि दाबी



निजगढ, १९ असोज/नेपाली कांग्रेस देउवा समूहको १५औँ महाधिवेशनअन्तर्गत निजगढ ९ का प्रदीपकुमार उप्रेतीले निजगढ नगर सभापतीको लागि उम्मेदवारी दिने घोषणा गर्नुभएको छ।

नगर सभापतीको उम्मेदवारीको तयारीसँगै उप्रेतीले गगन थापा समूहबाट हालै निर्वाचित क्षेत्रीय प्रतिनिधिको पदबाट पनि राजीनामा दिनुभएको छ।

उप्रेती गत असोज ३ गते नेपाली कांग्रेस निजगढ नगरपालिका( ९ को वडा अधिवेशनबाट गगन थापा समूहको तर्फबाट क्षेत्रीय प्रतिनिधिमा निर्विरोध निर्वाचित हुनुभएको थियो।

उप्रेतीले असोज १८ गते निर्वाचन अधिकृतलाई सम्बोधन गर्दै क्षेत्रीय प्रतिनिधि पदबाट राजीनामा दिनुभएको हो। राजीनामा पत्रमा उहाँले नेपाली कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा विधि, विधान र स्थापित प्रक्रियाअनुसार पार्टीका गतिविधि सञ्चालन हुनुपर्ने बताउनुभएको छ। उहाँले आफूलाई जानकारी नै नदिई तथा सम्बन्धित उम्मेदवारलाई प्रक्रियामा सहभागी नगराई केही व्यक्तिले आफूखुसी नाम राखेर निर्वाचित भएको भन्दै सामाजिक सञ्जालमार्फत घोषणा गरेको भन्दै असन्तुष्टि जनाउनुभएको हो।

'नेपाली कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा विधि र विधानविपरीत उम्मेदवारलाई थाहा नदिइ मनोमानी ढंगले केही व्यक्तिहरूले आफूखुसी नाम राखी हामी निर्वाचित भयौँ भनेर सामाजिक सञ्जालमा घोषणा गरेको देख्दा आश्चर्यचकित परको छुँ।' उप्रेतीले राजीनामा पत्रमा उल्लेख गर्नुभएको छ।

क्षेत्रीय प्रतिनिधिबाट राजीनामा दिएपछि उप्रेतीले नेपाली कांग्रेसको देउवा समूहबाट निजगढ नगर सभापतिमा उम्मेदवारी दिने तयारी

बाँकी तेश्रो पेजमा

## फास्टट्र्याक निर्माणको क्रममा सेनाले त्रुटी गरेको राष्ट्रिय योजना आयोगका सदस्य थापाको आरोप

काठमाडौं, १९ असोज/राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले काठमाडौं(तराई/मधेश फास्टट्र्याक निर्माणमा नेपाली सेनाबाट गम्भीर गल्ती भएको आरोप लगाउनुभएको छ।

नेपाल पूर्वाधार पत्रकार समाजले राजधानीमा आयोजना गरेको एक कार्यक्रममा सेनाले यसअघि यस्तो प्रकृतिको आयोजना निर्माण नगरेकाले खरिद प्रक्रिया र सामग्री छनोटमा गल्ती गरेको हुनसक्ने बताउनुभयो। उहाँका



अनुसार नेपाली सेनाले खुलाएका खरिद प्रक्रियामा केही दलालहरू छिरेका छन्

उनीहरूले कुनै निश्चित कम्पनी वा निश्चित किसिमको सामग्री नै चाहिने गरी स्पेसिफिकेसन राखिदिएछन्। सेनाले यो कुरा पत्तो पाएको छैन। जियोटेक्निकल लगायत प्राविधिक सामग्रीको स्पेसिफिकेसन तयार गर्दा कुनै एउटा कम्पनी वा ब्राण्डको सामग्री मात्रै अनिवार्य हुने गरी तोक्न मिल्दैन। त्यसको विकल्पमा समान गुणस्तरका अन्य सामग्रीलाई पनि प्रतिस्पर्धामा सहभागी गराउनुपर्ने हुन्छ।

फास्ट ट्र्याकको खरिदमा कुनै निश्चित कम्पनीकै सामग्री चाहिने गरी स्पेसिफिकेसन राखिएको थापाले खुलाउनुभयो।

थापाकाअनुसार डिजाइन स्वीकृतिमा भएको ढिलाइका कारण निर्माण व्यवसायीमाथि जरिवाना लगाइएको विषयले पनि फास्टट्र्याक निर्माण प्रभावित भएको छ।

डिजाइन स्वीकृतिमा ढिलाइ भए पनि निर्माण व्यवसायीलाई एलडी (लिक्विडेटेड ड्यामेज) लगाइएको र त्यसले उनीहरूलाई क्षतिपूर्ति तिर्नुपर्ने अवस्था छ। फास्टट्र्याक निर्माणलाई गति दिन अहिले लागिसकेका ठेक्कामा दण्ड र पुरस्कारको व्यवस्था गर्ने अवधारणा अघि सारिएको थापाले बताउनुभयो।

उहाँका अनुसार ५० प्रतिशतभन्दा बढी प्रगति भएका कन्ट्र्याक्टरले

बाँकी तेश्रो पेजमा

## मोटरसाइकल दुर्घटनामा परेका चालकको साथबाट पेस्तोल बरामद

सर्लाही, १९ असोज/सर्लाहीमा मोटरसाइकल दुर्घटनामा परेका एक युवकको साथबाट पेस्तोल बरामद भएको छ।

जिल्लाको कविलासी नगरपालिका( ३ मदनपुरबाट ३३ वर्षीय तुलसी ठाकुरलाई पेस्तोलसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मलङ्गवा सर्लाहीले जनाएको छ। ठाकुरलाई एक थान सिक्सर पेस्तोलसहित प्रहरीले नियन्त्रणमा लिएको हो।

मोटरसाइकल दुर्घटना भएको सूचना पाएपछि घटनास्थलमा प्रहरी



टोली पुग्दा मोटरसाइकल चालक ठाकुरको साथबाट हतियार बरामद भएको सर्लाही प्रहरीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# एशियाडमा किशोर खेलाडीले छोडे उज्यालो छाप

२० औं एसियाली खेलकुद हिजो आइची(नागोयामा सकिएको छ ।

पेरिस ओलम्पिकभन्दा ठूलो, करिब १७ हजार खेलाडी र अफिसियल सहभागी भएको यो महाकुम्भलाई आयोजकले ’सरल र मितव्ययी मोडलमा आयोजना गर्न खोजे । तर यही मितव्ययिता यसपालिको एसियाडको सबैभन्दा ठूलो आलोचनाको विषय बन्यो ।

आयोजकले परम्परागत एथलेट्स भिलेज नै बनाएनन् । खेलाडीलाई होटल, कन्टेनरजस्ता मोडुलर आवास र क्रुज सिपमा छरियो । नतिजा ( विमानस्थलमै १२ घण्टासम्म रजिस्ट्रेसनको लाइन, डबल बुकिङ भएका कोठा, साना खाटका गुनासा । दक्षिण कोरियाले त आफ्नो बास्केटबल टोलीलाई नै होटल सार्नु पर्यो ।

यातायात अर्को असफलता बन्यो । खेलाडी गलत भेन्यूमा पुऱ्याइए, सटल बस छुट्दा ट्रेनिङ नै छुट्यो । औपचारिक कार्यक्रममा पनि लापरबाही देखियो( पुरुष फुटबलको फाइनलमा दक्षिण कोरियाको राष्ट्रगान बज्दा झण्डा माथि नै पुगेन, हकीमा दक्षिण कोरियाको खेलअघि उत्तर कोरियाको गान बजाइयो ।

जापानकै ओलम्पिक कमिटीकी अध्यक्ष सेको हासिमोतोले समेत ’पूर्वतयारी पुगेनझ भनेर स्वीकार्नु पऱ्यो र नागोयाका मेयरले चार पटकसम्म सार्वजनिक माफी माग्नु पर्यो ।

धेरै खेलमा ५० हजार क्षमताको स्टेडियममा एक हजार दर्शक पनि पुगेनन् । यो एसियाडले सिकाएको पाठ के हो भने, खेलकुद केवल प्रतिस्पर्धा होइन, सम्मान र व्यवस्थापनको कला पनि हो ।

यही अस्तव्यस्तताको बीचमा मैदानमा भने भविष्यका ताराहरू चम्किए, जसले एसियाडलाई जोगाइदिए ।

चीनकी १३ वर्षीया पौडी खेलाडी यु जिदी यस संस्करणको सबैभन्दा ठूलो खोज बनिन्। २०० मिटर मेडलीमा उनले जित्दा विश्व कीर्तिमानधारीसँग प्रतिस्पर्धा गर्ने समय निकालिन् र महिला तर्फको सर्वोत्कृष्ट खेलाडी (:खए) घोषित भइन् । उनका १९ वर्षीय साथी झाङ झान्सुओ एकै एसियाडमा ७ स्वर्ण जित्ने पहिलो पौडीबाज बने। आयोजक जापानका १७ वर्षीय सिन ओहासीले २०० मिटर ब्रेस्टस्ट्रोकमा विश्व कीर्तिमान नै तोडे ।

आइची(नागोयाले एउटा सस्तो मोडलको प्रयोग गऱ्यो, जसले ’ह्वाइट एलिफेन्टझ अर्थात प्रयोगविहीन संरचना बन्नबाट जोगायो, तर खेलाडीको आधारभूत सम्मानमै चुक्यो। ओसीएले यसलाई सफल भने पनि कोरियाली ओलम्पिक कमिटीले ’इतिहासकै सबैभन्दा बढी विरोध भएको प्रतियोगिताझ भन्नुले गम्भीर समीक्षा आवश्यक छ भन्ने देखाउँछ ।

अन्ततः यसपालिको एसियाडलाई व्यवस्थापनको असफलताले होइन, यु जिदी जस्ता १३(१७ वर्षका किशोर( किशोरीले देखाएको असाधारण साहसले सम्झिइनेछ। समस्या भोलि बिर्सिइनेछ, तर यी उज्याला छापहरूले लस एन्जलस ओलम्पिक २०२८ सम्म बाटो देखाउनेछन् ।

## सन्दर्भ : विश्व बसोबास दिवस

# सुलभ आवास : सुरक्षित बसोबास




घर जीवनका विभिन्न आयामको साझा सङ्गम हो । डिजाइन, आकारप्रकार, रूपरङ्ग वा सुखसुविधा जस्तैसुकै होस्; मानिसले सबैभन्दा बढी सुखशान्ति आफ्नै घरको ढोकाअगाडि उभिएपछि मात्र महसुस गर्छन् भन्ने आममान्यता छ । घर मानसिक र भावनात्मक शान्तिको आधारभूत पूर्वाधार हो । त्यसैले जीविकोपार्जनको उपायको अभाव, विपत्जन्य समस्या र सुरक्षाको अभावमा यो शान्ति क्षणिक बन्नु हुँदैन । घरले भर र टोलबस्तीले सहारा दिनु पर्छ भन्ने नेपाली समाजको आममान्यताको मर्म निकै गहिरो छ । यो उक्तिभित्र युगौँदेखिको सामाजिक सहकार्यको अभ्यास, आपत्विपत्को कथा, सहाराको लामो शृङ्खला जोडिएको छ ।

### आवासको विश्वव्यापी परिदृश्य

यस वर्षको विश्व बसोबास दिवसका अवसरमा युएन ह्याबिट्याटका कार्यकारी निर्देशक तथा संयुक्त राष्ट्रसङ्घका उपमहासचिव एन्नाक्लाउडिया रोसब्याचले आवास नै जीवनका धेरै महत्वपूर्ण अध्याय सुरु हुने ठाउँ रहेको सन्देश दिनुभएको छ । पर्याप्त आवास कुनै विलासिताको विषय होइन, यो सम्मानजनक जीवन र दिगो सहर निर्माणको आधार हो भन्ने उहाँको सन्देश नेपालका लागि पनि उत्तिकै मननीय र स्मरणीय छ । नेपालको संविधानले आवासको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । यस संवैधानिक व्यवस्थाले आवासलाई केवल भौतिक संरचनाका रूपमा नभई नागरिकको सुरक्षित, मर्यादित र सम्मानजनक जीवनसँग जोडिएको अधिकारका रूपमा स्थापित गरेको छ

आज पनि विश्वका अर्बौं मानिसका लागि सुरक्षित, किफायती र आधारभूत सेवा सुविधायुक्त आवास सुविधा ठुलो चुनौती बनेर उभिएको छ । विश्वभर करिब तीन अर्ब ४० करोड व्यक्ति पर्याप्त आवासको सुविधाबाट वञ्चित छन् । एक अर्बभन्दा बढी व्यक्ति अव्यवस्थित बस्ती र झुपडपट्टीमा बसोबास गर्छन् । धेरै परिवार घरभाडा वा आवासमा आम्दानीको ठुलो हिस्सा खर्च गर्न बाध्य छन् । घरभाडामा ठुलो रकम खर्च भइरहँदा कमाइ पुँजीमा रूपान्तर हुन नसकी चक्रीय गरिबीको मार थपिएको छ । यो केवल आवासको समस्या मात्र होइन; यो त व्यवस्थित बसोबास, अर्थतन्त्र र सामाजिक असमानता घटाउने लोकतान्त्रिक प्रयाससँग जोडिएको बहुआयामिक चुनौती पनि हो । यो चुनौतीबाट हामी पनि पर छैनौँ । त्यसमाथि जलवायु परिवर्तन, प्राकृतिक तथा मानवीय गतिविधिको कारकका रूपमा हामीले अन्य मानव सभ्यताले झैँ बारम्बार विपत्ति झेल्दै आएका छौँ । यसो हुँदा हाम्रो जीवनको चक्र एकपछि अर्को पुनर्निर्माणमा अल्झिएको पनि छ ।

### बसोबास शैली

प्राकृतिक वा मानवीय विपत् झेल्नै नपर्ने राष्ट्र वा समाजको कल्पना गर्न नसकिएला तर विपत्का बहुआयामिक असरबाट कति छिटो र कति सजिलोसँग उम्कन सकिन्छ भन्ने पक्षले विशेष अर्थ राख्छ । विपत्पछिको पुनर्निर्माणमा निरन्तर जुटिरहनुपर्ने हाम्रो बाध्यात्मक अवस्थाले समग्र विकास र बसोबास प्रणालीमाथि पुनर्विचार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । विशेषतः २०८३ भदौ १० को रसुवा-भोटेकोशी बाढी तथा त्यसपछि असोज ८ देखि ११ गतेसम्म देशव्यापी परेको अविरल वर्षाका कारण विभिन्न स्थानमा आएको बाढी र पहिरोको घटना तथा लामो समययता यस्तै किसिमका विपत्जन्य घटना र जनधनको ठुलो क्षतिको अनवरत शृङ्खलाले सुरक्षित तथा उत्थानशील बस्ती निर्माणको महत्वलाई थप उजागर गरेको छ ।

यी घटनाले हाम्रा विद्यमान बसोबास पद्धति, खास गरी नदी कोरिडोर आसपास विस्तार हुँदै गएका बजार र बस्तीको जोखिम न्यूनीकरण र पुनर्संरचनाबारे गम्भीरतापूर्वक सोच्नुपर्ने सन्देश दिएका छन् । पुराना बजार र बस्तीको जोखिम न्यूनीकरण, आवश्यकता अनुसार सुरक्षित र दिगो स्थानान्तरण, सुरक्षित स्थानमा योजनाबद्ध बस्ती विकास तथा बहुप्रकोपप्रतिरोधी आवास निर्माणलाई हाम्रो साझा प्राथमिकता बनाउन आवश्यक छ । सुलभ आवास र सुरक्षित बस्ती विकासलाई नीति निर्माण तथा विकास योजनाको मूलप्रवाहमा समेट्दै सरकार, विकास साझेदार, निजी क्षेत्र र समुदायबिच सहकार्य सुदृढ गर्नु आजको आवश्यकता हो ।

आवासको मौलिक हकको संवैधानिक मर्मलाई आत्मसात् गर्दै राष्ट्रिय सहरी नीति, २०८१ ले व्यवस्थित, समावेशी र समृद्ध सहरको दूरदृष्टि अघि सारेको छ । नीतिले सुरक्षित, व्यवस्थित र उत्थानशील सहरी पूर्वाधारमा नागरिकको पहुँच विस्तार गर्दै सहरी विकासलाई थप समावेशी र दिगो बनाउन दिशानिर्देश गरेको छ । साथै सन् २०३६ सम्म नेपालका सहरी क्षेत्रको सहरी पूर्वाधार अवस्था सूचकमा औसत १५ प्रतिशत वृद्धि गरी कम्तीमा ५० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । यसका लागि सरोकारवालाबिचको समन्वय र सहकार्यमा प्रभावकारी सहरी योजना, नियमन तथा व्यवस्थापनका माध्यमबाट उत्थानशील सहरी पूर्वाधारमा पहुँच विस्तार गर्ने उद्देश्य नीतिले लिएको छ । यसका चार प्रमुख नीतिगत आधारस्तम्भमा समुन्नत राष्ट्रिय सहरी प्रणाली तथा सहरी स्वरूपको विकास, उत्थानशील सहरी पूर्वाधारको पहुँचमा विस्तार, व्यवस्थित सहरी विकासका लागि स्रोतसाधनको उच्चतम परिचालन तथा अन्तरक्षेत्रगत समन्वय र सहरी सुशासनको अभिवृद्धि रहेका छन् ।

नीति कार्यान्वयनकै कडीका रूपमा सरकारले हालै प्रस्तावित भवन ऐन, २०८३ को विधेयक संसद्मा पेस गरेको छ । भवन ऐन, २०५५ लाई संशोधन गर्न पेस गरिएको विधेयकमा प्रत्येक नेपाली नागरिकको आवासको अधिकार सुनिश्चित गर्ने उद्देश्यले विभिन्न आय वर्ग र जोखिममा रहेका परिवारका लागि उपयुक्त आवाससम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ । यस अन्तर्गत तोकिएको टाइप डिजाइन तथा मापदण्ड अनुसार घर निर्माण गर्न आवश्यक नदीजन्य तथा प्रकृतिजन्य निर्माण सामग्री निःशुल्क उपलब्ध गराउने, गरिब तथा विपन्न नागरिकलाई सङ्घ र प्रदेश सरकारबाट गरी ७५ हजार रुपियाँसम्म अनुदान दिने तथा विपत् र जोखिमपूर्ण बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी घर निर्माण गरिदिने प्रस्ताव गरिएको छ । साथै मध्यम आय भएका परिवारका लागि सुरक्षित, भूकम्पप्रतिरोधी र आधारभूत मापदण्ड पूरा भएका २० लाखदेखि ७५ लाख रुपियाँसम्मका घर सहुलियतपूर्ण ऋण तथा विभिन्न अग्रिम भुक्तानी र किस्ता विकल्पमार्फत उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ ।

रसुवा भोटेकोशी बाढीपछिको महाविनाशले आवास, भौतिक पूर्वाधार, अर्थतन्त्र, सार्वजनिक सेवा र स्थानीय जनजीवनमा पारेको गम्भीर र दूरगामी प्रभावलाई दृष्टिगत गरी बस्ती विकास र पूर्वाधार निर्माण प्रक्रियालाई निरन्तर आइरहने विपत् जोखिमको वास्तविकतासँग अझ मसिनोसँग हेर्नुपर्ने र त्यस अनुसार बस्ती विकासको योजना तर्जुमा गनुपर्ने सन्देश दिएको परिप्रेक्ष्यमा प्रस्तावित ऐनले यी आयामलाई समेटेको देखिन्छ ।

### दिगो पुनर्निर्माणका बहुआयाम

विपत्पछिको पुनर्निर्माणलाई क्षतिग्रस्त संरचना पुनः बनाउने कार्यमा मात्र सीमित राख्दा भविष्यका जोखिम यथावत् रहिरहने र भावी पुस्ता यसरी नै बारम्बार प्रताडित हुनुपर्ने दुःखद सम्भावना रहन्छ । त्यसैले पुनर्निर्माणमा अघि बढिरहँदा राहत र क्षतिपूर्ति तथा पुरानै स्थान र शैलीमा नवनिर्माण मात्र होइन; भविष्यको जोखिम न्यूनीकरणलाई पनि केन्द्रमा राख्नुपर्ने देखिन्छ । यसका लागि सुरक्षित स्थान छनोट, जोखिम-संवेदनशील बस्ती योजना, बहुप्रकोपप्रतिरोधी आवास, दिगो तथा सुरक्षित पूर्वाधार, पहुँचयोग्य सार्वजनिक सेवा र स्थानीय समुदायको जीविकोपार्जनबिचको सम्बन्धलाई समग्र रूपमा सम्बोधन गर्न आवश्यक देखिन्छ । त्यसका लागि राम्रो सडक सञ्जाल भएको जीविकोपार्जनका उपायले जोडिएको व्यवस्थित, सहज र उपयुक्त बस्तीको विकासमा पनि हाम्रो ध्यान जानु पर्छ । सडक सञ्जालले विभिन्न बस्ती परम्परालाई डोहोऱ्याइरहेको सन्दर्भमा यसको सुरक्षित रूपरेखाबारे पनि पुनर्विचार गर्नुपर्ने सन्देश बाढीपहिरोको प्रकोप खेपिरहेका हाम्रा सडक सञ्जालले दिइरहेका छन् ।

रसुवा-भोटेकोशी विपत्पछिको पुनर्निर्माणमा जुटिरहँदा विपत्का पाठहरूबाट के सिक्ने र सफलताको मापन कसरी गर्ने भन्ने यक्ष प्रश्न हामीसामु छ । कति निजी तथा सरकारी भवन, पुल, सडकलगायतका संरचना फेरि बनाइयो भन्नेमा मात्र होइन; ती संरचनाले भविष्यका जोखिम कति कम गरे, समुदायको जीवन कति सुरक्षित बनाए र बस्तीलाई कति समावेशी तथा उत्थानशील बनाउन सकियो तथा ती बस्तीले दिगो जीविकोपार्जनलाई कसरी जोड्न र टेवा पुऱ्याउन सके भन्ने आधारमा पनि मापन गरिनुपर्ने देखिन्छ

विपत्पछिको पुनर्निर्माणका बहुआयामलाई केलाउँदा जमिनको उपलब्धता र पर्याप्तता, भूमि हकाधिकारको सुरक्षा, सुलभ आवासमा पहुँच तथा बस्तीको सामाजिक, आर्थिक, सांस्कृतिक र भौतिक पक्षहरू एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । यस अर्थमा रसुवा-भोटेकोशी बाढीपछिको पुनर्निर्माणलाई भत्केका संरचना पुनः बनाउनुपर्ने परिस्थितिका रूपमा मात्र नलिई सुरक्षित, व्यवस्थित, समावेशी र उत्थानशील मानवबस्ती निर्माणतर्फको दीर्घकालीन रूपान्तरणको अवसरका रूपमा हेर्न सकिन्छ । यसका लागि स्थानीय तह, समुदाय, विकास साझेदार, निजी क्षेत्र तथा सबै सरोकारवालाबिचको सहकार्यलाई पुनर्निर्माण प्रक्रियासँग जोड्नु आवश्यक देखिन्छ । नीति निर्माणदेखि योजना कार्यान्वयनसम्म स्थानीय समुदायको ज्ञान, अनुभव र सिपको उपयोगले विकासका प्रयासलाई स्थानीय आवश्यकता र वास्तविकतासँग जोड्न सक्छ । सहभागितामूलक योजना निर्माणले समुदायमा अपनत्वको भावना विकास गर्नुका साथै बस्तीको दीर्घकालीन व्यवस्थापन र विपत् सामना गर्ने क्षमतासमेत अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

सन् १९८६ यतादेखि हरेक वर्ष झैँ अक्टोबर महिनाको पहिलो सोमबार मनाइने र नेपालमा सन् २००१ यतादेखि मनाइँदै आएको यस वर्षको विश्व बसोबास दिवसको नारा ‘सुलभ आवास : सुरक्षित बसोबास’ रहेको छ । यो वर्षको नाराले आवासको पर्याप्तता, पहुँच र सुरक्षासँगै मानवबस्तीको समावेशिता र उत्थानशीलताबारे पुनर्विचार गर्नुपर्ने सन्देश दिएको छ । यसलाई सार्थक बनाउन आवास तथा बस्ती विकाससम्बन्धी बहसलाई नीतिगत प्राथमिकता, त्यसको प्रभावकारी कार्यान्वयन, संस्थागत सहकार्य र स्थानीय तहको कार्यान्वयनसँग जोड्नु आवश्यक छ । सुरक्षित, सुलभ, समावेशी र उत्थानशील मानवबस्ती निर्माण कुनै एक निकाय वा क्षेत्रको मात्र जिम्मेवारी होइन । यो नागरिकको आवाससम्बन्धी अधिकार, समग्र विकास दृष्टिकोण र सुरक्षित भविष्यसँग जोडिएको गहन र मननयोग्य विषय हो । साभारःगोरखापत्र



# कांग्रेसमा थपियो वरिष्ठ उपसभापति, केन्द्रीय कार्यसमिति २९७ सदस्यीय




काठमाडौं,१९ असोज/नेपाली कांग्रेसको संशोधित विधान पारित भएको छ। १५ औं महाधिवेशनअन्तर्गत दोस्रो दिन खुलामञ्चमा भइरहेको बन्द सत्रले महामन्त्री प्रदीप पौडेलले पेस गरेको संशोधित विधान पारित गरेको हो ।

प्रवक्ता देवराज चालिसेले मिडिया ब्रिफिङ गर्दै दिएको जानकारी अनुसार संशोधित विधानअनुसार केन्द्रीय कार्यसमिति २९७ सदस्यीय रहने छ ।

जसमा सभापति एक, वरिष्ठ उपसभापति एक तथा उपसभापति चार जना रहने छन् । उपसभापतिमा एक जना महिला अनिवार्य गरिएको छ ।

त्यस्तै, महामन्त्री ३ जना रहने छन् । जसमा एक जना महिला अनिवार्य गरिएको छ । त्यस्तै सहमहामन्त्रीमा १५ जना रहने छन्। कोषाध्यक्ष केन्द्रीय सदस्य मध्येबाट एक जना हुनेछन् ।

प्रवक्ता एक जना हुनेछन् भने सहप्रवक्ता पनि हुनेछन् ।

केन्द्रीय सदस्यहरूमा खुलामा ४५ जना रहनेछन् । महिला खुलामा १५ जना हुनेछन् । हरेक प्रदेशबाट एक महिलासहित चार जना हुनेछन् ।

साथै, उपत्यकाबाट एक महिलासहित दुई जना अनिवार्य गरिएको छ । यस्तै, दलिततर्फ पाँच महिला र एक मधेसीसहित १४ जना रहने छन् ।

जनजातितर्फ ८ महिलासहित २० जना हुनेछन्, भने खस आर्यबार्ट ८ महिलासहित १८ जना हुनेछन् ।

मधेशीतर्फ पाँच महिलासहित १३ जना हुनेछन् । यस्तै, जनसम्पर्क समितिबाट २ महिलासहित ७ जना हुनेछन् । पिछडिएको बर्गबाट ३ जना हुनेछन् ।

थारूबाट २ महिलासहित ६ जना रहेका छन्। श्रमिकबाट १ महिलासहित ३ जना, पेशागत विज्ञबाट दुई महिलासहित ७ जना रहेका छन् ।

साथै, सातै प्रदेशबाट २१ जना ३५ वर्ष मुनिका युवा रहनेछन्। यस्तै, अपाङ्गता भएकाबाट एक जना तथा प्रजातन्त्र सेनानीबाट तीन जना हुनेछन् । केन्द्रीय कार्यसमितिले पछि ६६ जना मनोनीत गर्नेछ ।

सोमबार विधान पारित भएपनि सभापति, उपसभापति र कोषाध्यक्षको प्रतिवेदन भने मंगलबारको बन्द सत्रले मात्र पारित गर्नेछ । मंगलबार बिहान १० बजेदेखि उम्मेदवारको मनोनयन हुने भएकाले विधान भने सोमबारै पारित गरिएको हो ।

# स्वास्थ्य बीमाका लागि पुस १ गतेदेखि राष्ट्रिय परिचयपत्र अनिवार्य

काठमाण्डौ १९ असोज/स्वास्थ्य बीमा बोर्डले आउँदो पुस १ गतेदेखि स्वास्थ्य बीमाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ ।

बोर्डले सूचना निकालेर पुस १ गतेदेखि १६ वर्ष उमेर पूरा गरेका नागरिकले स्वास्थ्य बीमामा नयाँ आबद्धता, नवीकरण तथा सेवा प्राप्तिका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य पेश गर्नुपर्ने जानकारी गराएको हो। बोर्डको बैठकले सेवा प्रवाहमा डिजिटल सुधार गर्न यो निर्णय गरेको सूचनामा भनिएको छ। बोर्डले सामान्य तथा लक्षित वर्गका सम्पूर्ण बीमित परिवारलाई ई(पोर्टलमार्फत आफ्नो विवरण अनिवार्य अद्यावधिक गर्न सार्वजनिक सूचना जारी गर्ने निर्णयसमेत गरेको छ । यसबाट दोहोरो आबद्धता नियन्त्रण हुने र दाबी व्यवस्थापन थप विश्वसनीय बन्ने बोर्डको विश्वास छ ।

त्यस्तै स्वास्थ्य बीमाको भुक्तानी प्रणालीलाई वैज्ञानिक र दिगो बनाउन रणनीतिक खरिद अध्ययन कार्यदलसमेत गठन गरिएको छ। यस कार्यदलले ६० दिनभित्र आफ्नो प्रतिवेदन पेश गर्नेछ ।

अब स्वास्थ्य बीमा सेवा डिजिटल पहिचान र दाबी प्रणालीतर्फ अघि बढेको छ ।

# जितिया पर्व तथा महावीरी झण्डा मेलामा रोमाञ्चक कुस्ती



आरके चौधरी

सखुवाप्रसौनी, १९ असोज/ सखुवाप्रसौनी गाउँपालिका( २ औराहा पञ्चगावामा आयोजित जितिया पर्व एवं महावीरी झण्डा मेलाको अवसरमा नेपाल र भारतका पहलवानबीच रोमाञ्चक कुस्ती प्रतियोगिता सम्पन्न भएको छ ।

मेलाको औपचारिक उद्घाटन सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले रिबन काटेर गर्नुभएको थियो ।

असोज १९ गतेदेखि २० गतेसम्म सञ्चालन हुने मेलाको मुख्य आकर्षणका रूपमा नेपाल तथा भारतका विभिन्न स्थानबाट आएका कुस्ती खेलाडीबीच प्रतिस्पर्धा गराइएको हो ।

कुस्ती हेर्न स्थानीयवासी तथा आसपासका क्षेत्रबाट ठूलो संख्यामा दर्शकहरू उपस्थित भएका थिए। नेपाल र भारतका पहलवानहरूले विभिन्न दाउपेच प्रस्तुत गर्दै दर्शकलाई रोमाञ्चित बनाएका थिए ।

कुस्ती कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष शर्मिला बिष्ट महतो, प्रमुख प्रशासकीय अधिकृत रामबाबु कुशवाहा, वडा नं. १ देखि ६ सम्मका वडा अध्यक्षहरू, नेपाल प्रहरीका प्रतिनिधि, सञ्चारकर्मी तथा स्थानीय अगुवाहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष यादवले जितिया पर्व तथा महावीरी झण्डा मेला स्थानीय धार्मिक, सांस्कृतिक तथा सामाजिक एकताको प्रतीक भएको बताउनुभयो। उहाँले यस्ता मेलाले स्थानीय कला, संस्कृति र परम्पराको संरक्षणसँगै नेपाल(भारतबीचको सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई समेत थप मजबुत बनाउने धारणा व्यक्त गर्नुभयो

त्यस्तै, उपस्थित जनप्रतिनिधि तथा स्थानीय अगुवाहरूले मेलालाई शान्तिपूर्ण, व्यवस्थित र सभ्य रूपमा सम्पन्न गर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताएका थिए ।

दुई दिनसम्म सञ्चालन हुने मेलामा धार्मिक तथा सांस्कृतिक कार्यक्रमसँगै कुस्ती प्रतियोगिता मुख्य आकर्षणका रूपमा रहेको छ। मेलाका कारण औराहा पञ्चगावासहित सखुवाप्रसौनी क्षेत्रमा चहलपहल र उत्साह बढेको छ ।

# भोटेकोशी बाढीपछिको खोज तथा उद्धार चरण स्थगित

काठमाण्डौ १९ असोज/सरकारले भोटेकोशी(त्रिशूली बाढीपछिको खोज तथा उद्धार चरणलाई स्थगित गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकले अत्यावश्यकबाहेक खोज तथा उद्धार चरणलाई स्थगित गर्ने निर्णय गरेको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ

बैठकले पुनर्निर्माण र पुनर्स्थापनाको कार्य तीव्र रूपमा अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय पनि गरेको छ । जिल्ला सुरक्षा समिति, जिल्ला विपद् व्यवस्था समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी समिति र स्थलगत अवलोकनसमेतको सिफारिशका आधारमा यस्तो निर्णय भएको हो ।

यसैगरी बैठकले प्रभावित क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि विभिन्न मन्त्रालय र निकायहरूबाट प्राप्त ५०४ वटा योजना तथा कार्यक्रमका लागि ५ खर्ब ५९ अर्ब १७ करोड ७२ लाख २७ हजार रुपैयाँ बराबरको बजेट स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिश पठाउने निर्णय गरेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत यी योजनाहरूका लागि अर्थ मन्त्रालयमार्फत स्रोत व्यवस्थापन गरिनेछ । यसैगरी लागत अनुमान नखुलेका र प्राथमिकीकरण हुन बाँकी आयोजनाहरूको विवरण प्राप्त भएपछि आवश्यक बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयमा सिफारिश गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिइएको छ। बैठकमा प्रधानमन्त्री शाहले विपद् व्यवस्थापनको काम सङ्घ, प्रदेश र पालिकाको समन्वयमा भइरहेको र अब पुनर्निर्माण र पुनर्स्थापनाको काम पनि त्यसैगरी हुने बताउनुभयो ।

## फास्टट्र्याक निर्माणको ...

आगामी एक वर्षभित्र काम सम्पन्न गर्छ भने अहिलेसम्म लागेको जरिवाना फिर्ता गर्ने र दुई वर्षभित्र सम्पन्न गर्न सक्ने अवस्थाका कन्ट्र्याक्टरलाई पनि तोकिएको अवधिभित्र काम सकेमा अहिलेसम्म लागेको जरिवाना फिर्ता गर्ने प्रस्तावमा छलफल हुँदै छ ।

यस्तो व्यवस्था लागू गर्ने निर्णय नेपाली सेना वा पूर्वाधार मन्त्रालयबाट मात्रै सम्भव नहुने भएकाले त्यसका लागि मन्त्रिपरिषद् तहबाट निर्णय आवश्यक हुने उहाँले बताउनुभयो। स्थानीयसँगको वार्ता दशैंअघि टुंगिनेमा आफूहरू आशावादी रहेको उनले बताए। खोकनाको विवाद समाधान भएपछि दशैंलगत्तै नेपाली सेनाले बाँकी खण्डको काम अघि बढाएर फास्टट्र्याकलाई चोभारको ड्राइपोर्टसम्म जोड्न सकिने उहाँको भनाइ छ।

थापाले फास्टट्र्याक बनेपछि मुलुकसँग काठमाडौं जोड्ने दुईवटा भरपर्दा सडक विकल्प हुने बताउनुभयो । फास्टट्र्याक निर्माण सम्पन्न भएपछि त्यसबाट ठूलो आर्थिक लाभ लिन सकिने थापाको दाबी छ ।

उहाँका अनुसार आयोजना बनेपछि त्यसले वार्षिक १० देखि १५ अर्ब रुपैयाँसम्म आम्दानी गर्न सक्नेछ ।

## मोटरसाइकल दुर्घटनामा...

ठाकुर सोमबार बिहानपख बीआर ३० वाइ २८५३ नम्बरको मोटरसाइकल चढेर प्रदेश राजधानी जनकपुरबाट मदनपुरस्थित घरतर्फ आउँदै गर्दा दुर्घटनामा परेका प्रहरीले जनाएको छ

मोटरसाइकल दुर्घटना हुँदा ठाकुरको दाहिने गाला र बायाँ हातमा सामान्य चोट लागेको डिएसपी गौतमले बताउनुभयो । प्राथमिक उपचारपछि उनलाई जिल्ला प्रहरी कार्यालय मलङ्गवाको हिरासतमा राखी अनुसन्धान भइरहेको डीएसपी गौतमले जानकारी दिनुभयो ।

ठाकुरले कुनै आपराधिक घटना घटाउने उद्देश्यले पेस्तोल बोकेर हिँडेको हुनसक्ने आशङ्का गरिएको छ ।

## देउवासमूहको...

अघि बढाउनुभएको छ ।

सो समूहबाट सीता अधिकारीले पनि नगर सभापतीमा दाबी गर्दै आउनुभएको छ । नगर सभापतीको लागि निजगढका युवा समाजसेवी खडकराज मैनालीको नाम पनि चर्चामा छ ।





# रौतहटमा भारतीय ठेकेदारबाट अलपत्र परेका ४२ भारतीय नागरिकको उद्धार



रौतहट, १९ असोज/रौतहटको गुजरा नगरपालिकामा अलपत्र अवस्थामा रहेका ४२ जना भारतीय नागरिकको उद्धार गरी भारतीय सीमा सुरक्षा बलको जिम्मा लगाइएको छ।

गुजरा नगरपालिका( ५ लक्ष्मीपुरस्थित मोहम्मद मुजामिलले सञ्चालन गरेको मदिना इँटा भट्टामा भारतीय ठेकेदारमार्फत काम गर्न आएका १२ पुरुष, ११ महिला तथा उनीहरूका आश्रित १० बालक र ९ बालिकासहित ४२ जना अलपत्र परेको सूचना प्रहरीले पाएको थियो ।

सूचना प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय रौतहट तथा इलाका प्रहरी कार्यालय लक्ष्मीनिया विजयपुरबाट संयुक्त प्रहरी टोली परिचालन गरी घटनाबारे अनुसन्धान गरिएको थियो ।

अनुसन्धानका क्रममा उनीहरूलाई ल्याएका भारतीय ठेकेदार सम्पर्कविहीन रहेको खुलेपछि प्रहरीले सोमबार साँझ ५ बजे सबै ४२ जनाको उद्धार गरेको हो । उद्धार गरिएका उनीहरूलाई ना.७ ख १६७५ नम्बरको बसमा गौर भन्सारतर्फ पठाइएको थियो ।

गौर भन्सार सुरक्षा गार्ड रौतहटको पहलमा उनीहरूलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) को बर्गिनिया, बिहारस्थित एएचटीयू टोलीको जिम्मा लगाइएको प्रहरीले जनाएको छ । उक्त इँटा भट्टा प्रहरी चौकी हरिनगर, रौतहटबाट करिब ५ किलोमिटर पूर्व-दक्षिणमा रहेको प्रहरीले जनाएको छ ।

# किसान महासंघ निजगढ अध्यक्षमा मुकुन्द पौडेल

निजगढ, १९ असोज/नेकपा एमाले निकट अखिल नेपाल किसान महासंघ निजगढ नगर कमिटीको अध्यक्षमा निजगढ वडा नम्बर ७ का मुकुन्द पौडेल सर्वसम्मत चयन हुनुभएको छ ।

निजगढ नगरपालिका वडा नम्बर ७ स्थित सगरमाथा वचत तथा ऋण सहकारी संस्थाको सभा हलमा आज सम्पन्न भेलामा पौडेलको अध्यक्षतामा महासंघको नगर कार्यसमिति सर्वसम्मत चयन गरेको हो । नगर महासंघको उपाध्यक्षमा वडा नम्बर ४ का रामराजा ढुङ्गाना, सचिवमा वडा नम्बर १० का सुजित कौडेल र कोषाध्यक्षमा वडा नम्बर ११ का सन्तोष दनुवार चुनिनुभएको छ ।

त्यसैगरी सदस्यहरुमा झलक तामाङ नम्बर १३, सीताराम खतिवडा वडा नम्बर १२, गोबिन्दप्रसाद सापकोटा वडा नम्बर ६, शेरबहादुर कार्की वडा नम्बर ५, महेश्वर रिमाल वडा नम्बर १०, चन्द्रमणि दाहाल वडा नम्बर ५ र फागुप्रसाद चौलागाईं वडा नम्बर ८ रहनुभएको छ ।



निजगढ ७ स्थित सगरमाथा वचत तथा ऋण सहकारी संस्थाको सभा हलमा भएको भेलामा अखिल नेपाल किसान महासङ्घका केन्द्रीय सचिव उमेश गुप्ता, महासंघ जिल्ला अध्यक्ष कुशबहादुर थापा, पार्टी प्रदेश कमिटी सदस्य अम्बिका चौलागाईं, जिल्ला कमिटी सदस्यद्वय दिनेश लामा र दिलबहादुर लामा तथा नगर कमिटी अध्यक्ष तिलक घलान सचिव, थानेश्वर सापकोटा लगायतका विशिष्ट व्यक्तित्वहरूको आतिथ्यता तथा उपस्थिति रहेको थियो ।

# २ बालिकाको दिल्लीबाट सकुशल उद्धार

सप्तरी, १९ असोज/सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका( ८ जोगिनियाँबाट हराएका दुई बालिकालाई प्रहरीले खोजी गरी अभिभावकको जिम्मा लगाएको छ । भारतको नयाँ दिल्लीबाट फेला पारिएका दुवै बालिकालाई प्रहरीले आइतबार साँझ अभिभावकको जिम्मा लगाएको हो ।

जोगिनियाँ टोल निवासी १६ वर्षीया अनिसा कुमारी यादव र सोही उमेरकी बबिता कुमारी गोठिया हराएको भन्दै परिवारजनले गत भदौ ११ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा खोजतलासका लागि निवेदन दिएका थिए ।

निवेदन प्राप्त भएपछि प्रहरीले दुवै बालिकाको खोजतलास सुरु गरेको थियो । खोजीका क्रममा उनीहरू भारतको नयाँ दिल्लीमा रहेको जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले नयाँ दिल्लीस्थित 'किड इन्डिया' संस्थासँग आवश्यक समन्वय गरी दुवै बालिकालाई सकुशल सप्तरी ल्याएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो ।

प्रहरीसँगको समन्वयमा संस्थाका निर्देशक नवीन जोशीले जिल्ला प्रहरी कार्यालय सप्तरीका निमित्त कार्यालय प्रमुखसमेत रहनुभएका प्रहरी नायब उपरीक्षक घिमिरेसँग समन्वय गरी दुवै बालिकालाई नेपाल ल्याएर जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाउनुभएको थियो ।

प्रहरी कार्यालयमा बुझाइएका दुवै बालिकालाई सोही दिन परिवारजनलाई बोलाई आवश्यक प्रक्रिया पूरा गरी अभिभावकको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# हात्ती मृत्युको कारण खुल्न सकेन

सर्लाही, १९ असोज/सर्लाहीको बागमती नगरपालिका(४ मा आइतबार बिहान मृत अवस्थामा फेला परेको हात्तीको मृत्युको कारणबारे स्पष्ट हुन सकेको छैन ।

सागरनाथ वन विकास परियोजनाको अतिक्रमित क्षेत्र अन्तर्गत स्थानीयले परबल खेती गरेको बारीमा पोथी हात्ती मृत फेला परेको सर्लाहीका डिभिजन वन प्रमुख विनोद सिंहले जानकारी दिनुभयो । उहाँका अनुसार हात्तीको मृत्युको कारण खुल्न सकेको छैन । हात्तीको सुँढमा चोट लागेको र रगतसमेत बगिरहेको पाइएको डिएफओ सिंहले बताउनुभयो । उहाँले गोरखापत्र अनलाइनसँग भन्नुभयो, "राष्ट्रिय प्रकृति संरक्षण कोषबाट आएका प्राविधिहरुले निरीक्षण गरेर फर्किनुभयो तर मृत्युको प्रष्ट कारण खुलेको छैन् ।"

मरेको हात्तीको कलेजोको केही भाग निकालेर पोस्टमार्टमका लागि काठमाडौं पठाइने डिभिजन वन प्रमुख सिंहले बताउनुभयो । उहाँका अनुसार



प्राविधिकको टोलीले निरीक्षण गरेपछि मरेको हात्ती अहिले राति मूर्तियास्थित सबडिभिजन वन कार्यालयको परिसरमा लगेर गाडिएको छ ।

आइतबार बिहान झिसमिसेमै स्थानीयले मरेको अवस्थामा हात्ती देखेका थिए । बागमती नगरपालिकाका कार्यवाहक नगरप्रमुख कृष्णकुमार लामाका अनुसार शनिबार साँझ ८ बजेतिर बस्ती नजिकै जङ्गली हात्ती देखा परेको थियो ।

सोही हात्ती आइतबार बिहानै मृत अवस्थामा फेला परेको हो । सर्लाहीमा बेलाबेलामा विभिन्न निकुञ्ज तथा आरक्षबाट हात्तीको बथान आउने गरेको छ ।

# आफ्नै घरभित्र महिला मृत अवस्थामा फेला, प्रहरीद्वारा अनुसन्धान जारी

जनकपुरधाम, १९ असोज/धनुषाको जनकपुरधाम उपमहानगरपालिका १६ कपिलेश्वरमा एक महिला मृत अवस्थामा फेला परेकी छन् । स्थानीय विनोद दासकी २० वर्षीया पत्नी प्रियंका दास आफ्नै घरको ओछ्यानमा मृत फेला परेकी हुन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार आइतबार साँझ प्रियंका आफ्नै सुत्ने कोठाको सिलिङ पंखामा सलको पासो लगाई झुण्डिएको अवस्थामा देखिएपछि उनका श्रीमान् विनोदले पासो खोली शवलाई ओछ्यानमा राखेका थिए ।

घटनाको जानकारी पाएसँगै प्रहरी चौकी कपिलेश्वरबाट खटिएको प्रहरी टोलीले घटनास्थललाई सुरक्षित गरेको थियो । तर मृतकका आफन्त र स्थानीयवासीले यो आत्महत्या नभई हत्या भएको दाबी गर्दै अबेर रातिसम्म घरअगाडि प्रहरी प्रशासनविरुद्ध चर्को नाराबाजी र प्रदर्शन गरेका थिए ।

यसैबीच जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले प्रहरीले घटनास्थल पुगी शवको मुचुल्का उठाउने काम गरिरहेको जानकारी दिनुभएको छ । घटनाबारे थप अनुसन्धान तथा प्रारम्भिक सोधपुछका निम्ति मृतकका श्रीमान् विनोद दासलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको छ ।

# १२ वर्षदेखि अड्किएको हेटौँडा-ढल्केबर ४०० केभी प्रसारण लाइन दसैँलगत्तै सञ्चालन हुने

हेटौँडा, १९ असोज/ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले हेटौँडा(ढल्केबर ४०० केभी सवस्टेशनको निरीक्षण गर्नुभएको छ । मन्त्री श्रेष्ठले सबस्टेसनमा निर्माणाधीन हेटौँडा(ढल्केबर ४०० केभी प्रसारण लाइनका दुईटा मल्टिसर्किट टावरको कार्यप्रगति विवरणको ब्रिफिङ पनि लिनुभएको छ ।

निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले देशको ऊर्जा मेरुदण्डको रूपमा रहेको टावरको काम समयमै सम्पन्न गर्न निर्देशन दिनुभयो ।

करिब १२ वर्षदेखि अड्किएको हेटौँडा(ढल्केबर ४०० केभी प्रसारण लाइनको काम अगाडि बढाउन मन्त्री श्रेष्ठले मन्त्रिपरिषद्बाट निर्णय गराएर प्रक्रिया अगाडि बढाउनुभएको थियो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दिर्घायुकुमार श्रेष्ठले १२ वर्षदेखि अड्किएको हेटौँडा ढल्केबर प्रसारण लाइनको काम मन्त्री श्रेष्ठको पहलमा अगाडि बढेर अन्तिम चरणमा पुगेको बताउनुभयो ।

उहाँका अनुसार हेटौँडा(ढल्केबर प्रसारण लाइनका १६ वटा टावरमध्ये १४ वटा डबल सर्किटको टावर निर्माण भइसकेको छ । दुइटा मल्टिसर्किट टावर अन्तिम चरणमा छ ।

'१४ वटा टावर तयार भइसक्यो । बाँकी दुइटा टावरको कार्यप्रगति राम्रो छ । १०/१५ दिनमै तयार गरेर चार्ज गर्छौं । यसलाई ब्याक बोनको रूपमा लिएका छौं । जसले गर्दा सम्पलाईको रिलायबिलिटी एकदमै बढेर जान्छ । खपत पनि बढाउन सक्छौ भने निर्यात पनि बढाउन सक्छौं । दसैंलगत्तै चार्ज गर्ने तयारी छ ।' कार्यकारी निर्देशक श्रेष्ठले भनुभयो ।

मन्त्री श्रेष्ठले हेटौँडा(ढल्केबर प्रसारण लाइन नेपालको ऊर्जाको मेरुदण्डकै रूपमा रहेको बताउनुभयो

'यहाँको लाइन चितवन हुँदै बुटवल जाने र अर्कोतिर ढल्केबर जाने टावरको काम रोकिएको थियो । १६ वटा टावरको काम विगत लामो समय १२ वर्षदेखि



रोकिएको थियो । राज्यको अर्बौं रुपैयाँ खर्च भएको तर के गर्ने भन्ने अन्योलतामा सबैको सतप्रयासले ऐतिहासिक काम पनि भएको छ । त्यसले बुटवलको लाइन इनरूवा, इनरुवाको लाइन बुटवल जानसक्ने ऊर्जाको राजमार्ग नै बन्छ । यहाँको दुइटा टावरको चिन्ता थियो । सबै टिमको सक्रियतामा यो सम्पन्न हुने चरणमा पुगेको छ ।' उहाँले भन्नुभयो । मन्त्री श्रेष्ठले यो प्रसारण लाइन बनिसकेपछि नेपालको ऊर्जा धेरै सन्तुलित हुने र गुणस्तरीय हुने बताउनुभयो ।

मन्त्री श्रेष्ठले हेटौँडा(ढल्केबर खण्ड सम्पन्न भएपछि पूर्वपश्चिम विद्युत् प्रवाह थप सुदृढ, भरपर्दो र दिगो हुने र यसले देशभित्रको विद्युत् आपूर्ति प्रणाली बलियो बनाउनुका साथै बढ्दो औद्योगिक विद्युत् माग सम्बोधन गर्न अन्तर्देशीय विद्युत व्यापार र वर्षायाममा उत्पादन हुने विद्युत् खेर जान नदिन समेत महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

आयोजना सम्पन्न हुँदा राष्ट्रिय ग्रिडको विश्वसनीयता र विद्युत् व्यापारको सम्भावना पनि थप विस्तार हुने उहाँको भनाइ छ ।

# संवेदनशील सूचना चुहाएकोभन्दै सशस्त्र प्रहरीका एआईजी दहाल निलम्बित

काठमाण्डौं,१९ असोज/सशस्त्र प्रहरीका एआईजी वंशीराज दाहाललाई सरकारले संवेदनशील सूचना चुहावट गरेको भन्दै पदबाट निलम्बन गरेको छ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले विज्ञप्ति जारी गर्दै निजामती तथा प्रहरी कर्मचारीहरूले पालना गर्नुपर्ने पदीय आचरण प्रचलित काम नगरेको भनी निलम्बन गरिएको उल्लेख गरेका छन् ।

दाहालले सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना चुहावट गरी आचरण विपरीत कार्य गरेको भन्दै सशस्त्र प्रहरीले कारबाहीका लागि मन्त्रालयमा सिफारिस गरेको थियो ।



प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३